**पञ्चेश्वर गाउँपालिका**

आर्थिक वर्ष २०७९/०८०

को

# नीति, कार्यक्रम तथा बजेट

पञ्चेश्वर गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**आम्चौरा, बैतडी**

सुदूरपश्चिम प्रदेश, नेपाल

Website :www.pancheshwormun.gov.np
Email :ito.pancheshwormun@gmail.com
info@pancheshwormun.gov.np

१० असार २०७९

**"शिक्षा स्वास्थ्य कृषि बन पशुपालन र व्यवसायमा ऐक्यवद्धता ।**
**पोषणयुक्त समृद्ध पञ्चेश्व र निर्माण गर्ने हाम्रो प्रतिवद्धता ।।"**

गाउँपालिका अध्यक्ष ज्यू,
कार्यपालिका सदस्य ज्यू,
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गाउँ सभा सदस्य ज्यू,
बुद्धिजीवि वर्ग,
पत्रकार ज्यूहरु,
गाउँपालिकाका सम्पूर्ण राष्ट्रसेवक कर्मचारी ज्यूहरु ।

यस पञ्चेश्वर गाउँपालिकाको एघारौँ गाउँसभाको नीति तथा कार्यक्रम प्रस्तुतिको उद्घाटन समारोहमा उपस्थित हुनु हुने गाउँसभा सदस्यहरु, पत्रकार, सुरक्षाकर्मी, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु तथा हामीलाई असाध्यै माया गर्नुहुने तमाम गाउँपालिका वासी दाजुभाइ दिदीबहिनी बुवा आमाहरुमा गाउँपालिकाको तर्फबाट एवं आफ्नो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिनन्दन व्यक्त गर्दछु ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गरी गाउँपालिकाको समृद्धि र विकास तर्फ अगाडि  बढन आज नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनको दफा १९ को उपदफा १ बमोजिम् गठित स्थानीय सरकारको प्रतिनिधिको रुपमा पञ्चेश्वर गाउँपालिकाको आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दैछु ।

यस घडीमा गाउँसभालाई सम्बोधन गरि रहँदा म राष्ट्रलाई निरङ्कुश सामन्ती शासन प्रणालीको अँध्यारो युगबाट जनताका प्रतिनिधि मार्फत राज्य सञ्चालन गर्ने संघीय लोकतान्त्रिक गणतन्त्रको उज्यालो युगमा पुर्याउने क्रममा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु । राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाई गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान समेत स्मरण गर्न चाहन्छु साथै यस पञ्चेश्वर गाउँपालिकाले विभिन्न घटना तथा दुर्घटना परी ज्यान गुमाउनु हुने निवर्तमान जनप्रतिनिधिहरु तथा कर्मचारीहरु र कोभिड १९ को महामारीमा परी  ज्यान गुमाउनु भएका सम्पूर्ण पञ्चेश्वरवासी तथा नेपालीहरु जनमा समेत भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु ।

२०७४ असार १४ गते प्रथम ऐतिहासिक स्थानीय तहको निर्वाचनबाट र मिति २०७९ साल बैशाख ३० गतेको दोश्रो स्थानीय तह निर्वाचनबाट हामीलाई अत्याधिक माया गरेर निर्वाचित गराउनु हुने गाउँपालिका वासीहरुलाइ समेत धन्यवाद ज्ञापन गर्दछु । जन निर्वाचित गाउँपालिका उपाध्यक्षको हैसियतबाट ५ वर्ष पुरा गरी दोश्रो कार्यकालको पहिलो बर्ष  प्रवेश गर्दा एघारौँ गाउँ सभा आ.व. २०७९/०८० को वार्षिक नीति, कार्यक्रम तथा बजेट निर्माण एवं कार्यान्वयन गर्ने विशिष्ट क्षणमा हामी आइपुगेका छौं । संविधानको भावना बमोजिम जनप्रतिनिधिहरुलाई लोकतान्त्रिक पद्धति मार्फत संघीय शासन प्रणालीलाई  थप संस्थागत गर्ने जिम्मेवारीका साथ आज हामी यो गाउँ सभामा उपस्थित भएका छौं । तपाईहरु सबै जनप्रतिनिधि एवं गाउँपालिका बासीहरुको साथ सहयोग र सद्भावका कारण यो ऐतिहासिक जिम्मेवारी सफलता पूर्वक सम्पन्न

हुने विश्वास लिएकी छु । साथै गत वर्षको गाउँसभाबाट पारित भएका सबै नीति तथा कार्यक्रमहरु सफल बनाउन सहयोग गर्नुहुने तथा सल्लाह सुझाव समेत दिनुहुने गाउँ सभा र कार्यपालिकाका सदस्य ज्यूहरु, राष्ट्रसेवक कर्मचारी साथीहरु, उपभोक्ता समितिका पदाधिकारीहरु, विषयगत समितिका पदाधधिकारीहरु लगायत आम सरोकारवाला विकास प्रेमीहरुमा हृदयदेखि नै हार्दिक धन्यवाद दिन चाहान्छु ।

अब म पञ्चेश्वर गाउँपालिकाको आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका मुख्य आधारहरु सम्मानित सभामा पेश गर्न चाहान्छु ।

१) नेपालको संविधान ।
२) स्थानीय सरकार सञ्चालन ऐन २०७४ ।
३) संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्ड ।
४) स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७८।
५) राजश्व परामर्श समितिको प्रतिवेदन ।
६) श्रोत तथा बजेट सीमा निर्धारण समितिको सिफारिस ।
७) संघीय तथा प्रदेश सरकारको वार्षिक बजेट ।
८) निर्वाचनको बेला गाउँपालिका वासीहरु सामु गरेको प्रतिबद्धता एवं घोषणाहरु ।
९) वडाहरुको जनसंख्या, भुगोल, क्षेत्रफलको आधार ।

आदरणीय अध्यक्ष ज्यू लगायत सभाका सदस्य ज्यू हरु
अब म यस गाउँपालिकाले आ.व. २०७९/०८० मा लिएका मुख्य नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## १) आर्थिक विकास सम्बन्धी नीतिः

### कृषि तथा पशु :

- ❖ पञ्चेश्वर गाउँपालिकाको कुलाउ, आम्चौरा र गणमेश्वरमा एग्रोभेट सञ्चालनका लागि तालिम प्राप्त प्राविधिकहरुलाई सहुलियत ऋण दिइनेछ ।
- ❖ अगामी आ.व.मा पशु बीमालाई उच्च प्राथमिकतामा राखी सञ्चालनमा ल्याइनेछ ।
- ❖ अगामी आ.व. मा पनि किसान परिचय पत्र वितरण कार्यलाई निरन्तरता दिइनेछ।
- ❖ एक गाउँ एक उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ पञ्चेश्वर गाउँपालिकाको २ ठाँउमा कृषि सङ्कलन केन्द्र तथा कोल्ड स्टोर स्थापना गरिने छ।
- ❖ उन्नत प्रविधिसंग जोडिन कृषकहरुलाई आधुनिक कृषि यन्त्र/उपकरण/औजार खरिद गर्न ५०% अनुदान उपलब्ध गराइनेछ साथै व्यवसायिक तालिम समेत दिइनेछ ।
- ❖ प्रत्येक वडाहरुमा माटो परीक्षण शिविर सञ्चालन गरिनेछ।
- ❖ कृषकहरुलाई २५% अनुदानमा उन्नत जातको बिउ बिजन बितरण गरिनेछ।
- ❖ प्रत्येक वडाबाट १-१ जनालाइ उत्कृष्ट कृषक छनौट गरी पुरस्कृत तथा सम्मान गरिनेछ ।

### उद्योग तथा वाणिज्य :

- ❖ यस गाउँपालिकाको शेरा बन्नामा निर्माणाधिन औद्योगिक ग्रामको भौतिक संरचनाहरु निर्माण गरी स्थानीय तहमा पाइने कच्चा पदार्थ प्रसोधन गरी बजारीकरण गरिनेछ ।
- ❖ स्थानीय तहमा पाइने गिट्टी बालुवाबाट ब्लक उत्पादन गरी बिक्रि वितरण गरिनेछ ।

- यस क्षेत्रमा रहेका परम्परागत पेशा व्यवसायहरुलाई घरेलुउद्योगसँग जोडी व्यवसायीकरण गरिनेछ ।

**पर्यटन :**

- संघीय र प्रदेश सरकारसँग सहकार्य गरी देवताल देखि ग्वाल्लेक, कैलपाल धुरा देखि देवताल र पञ्चेश्वर देखि शिवनाथ क्षेत्रलाई धार्मीक पर्यटकीय क्षेत्र घोषणा गरी पर्यटकीय कोरीडोर स्थापनाको लागि पहल गरिनेछ ।
- पञ्चेश्वर धाम प्रसिद्ध धार्मिक स्थलको रुपमा प्रचार प्रसार गरी संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी पूर्वाधार निर्माणको लागि पहल गरिनेछ ।

**सहकारी/बैंक:**

- गाउँपालिका क्षेत्र भित्रका सहकारीहरुलाई नियमन तथा व्यवस्थापन गर्न आवश्यक पहल गरिनेछ ।
- गाउँपालिका भित्ररहेका कृषि सहकारीलाई कृषि समुह सित जोडी उत्पादित कृषि जन्य बस्तुहरुलाई वजारीकरण गर्न कृषि सहकारी संस्थाहरुसँग सहकार्य गरिनेछ ।
- बचत तथा ऋण सहकारी संथाहरुलाई सकृय बनाई उत्पादन क्षेत्रमा लगानी बढाउने र विप्रेषण सेवालाई प्राथमिकता दिइनेछ ।
- यस गाउँपालिकाको वडा नं. ०४ र ०६ मा नविल बैंक पञ्चेश्वरबाट दिइने आवश्यक सेवा एजेण्ड मार्फत उपलब्ध गराइनेछ

**२) सामाजिक विकास सम्बन्धी नीतिः**

**शिक्षा :**

- नवप्रभात संयुक्त क्याम्पसमा स्नातक तहमा अध्ययन गर्न चाहने छात्रा,दलित र विपन्न वर्गलाई नि:शुल्क शिक्षाको व्यवस्था गरिनेछ।
- माध्यमिक तह कक्षा १२ सम्म सबैको पहुँच सुनिश्चित गर्न विद्यालय वाहिर रहेका बालबालिकाको लागि आवश्यक लक्षित कार्यक्रम निर्माण र कार्यान्वयन गरिनेछ।
- गाउँपालिकाभित्र रहेका बालबालिकाको गुणस्तरीय र रोजगारीमूलक शिक्षामा पहुँच सुनिश्चित गर्न प्राविधिक शिक्षामा विषेश जोड दिइनेछ।
- गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिबृद्दिका लागि आवश्यक कार्यक्रम निर्माण तथा बजेट बिनियोजन गरिने छ।
- स्थानीय ज्ञान सीप र,परिवेश सुहाँउदो शिक्षा प्रदान गर्ने उद्देश्यले कक्षा १ देखि कक्षा ८ सम्मको लागि स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन गरिने छ।
- प्रत्येक विद्यालयलाई सूचना प्रविधि मैत्री बनाउन कम्प्युटर खरिद तथा नेट जोडिनेछ ।
- गाउँपालिकाबाट विद्यालयमा जाने अनुदानलाई शैक्षिक तथ्याङ्क विद्यार्थी संख्या मौजुदा शिक्षक दरबन्दी आधारमा पुनर्विचार गरी अनुपात मिलाइने छ।
- शैक्षिक प्रतिभाहरुको पहिचानका लागि विद्यालयस्तरीय अतिरिक्त क्रियाकलापमा उत्कृष्ठ नतिजा प्राप्त गर्ने विद्यार्थीहरुका लागि गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलापको आयोजना गरिने छ।
- नेपालको संविधानमा व्यवस्था भएबमोजिमको स्थानीय तहको शिक्षा क्षेत्रको अधिकार कार्यान्वयन गर्ने प्रयोजनका लागि आवश्यक कानुनी प्रवन्ध गरिने छ। त्यसका लागि मौजुदा कानुनको संसोधन परिमार्जन तथा थप कानुन निर्माण गरिने छ।

- पञ्चेश्वर गाउँपालिकाबाट उच्च स्तरको प्राविधिक जनशक्ति उत्पादनमा जोड दिन तथा पहुँच नभएका बर्गको पहुँच सुनिश्चित गर्न पञ्चेश्वर गाउँपालिकामा स्थायी बसोबास भई MBBS कोर्षको Entrance परीक्षामा नाम निकालेका १ जना र ENGINEERING कोर्षको Entrance परीक्षामा नाम निकालेका २ जना जनशक्तिलाई नि:शुल्क अध्ययन गर्न आवश्यक प्रबन्ध मिलाईने छ।
- विद्यालयको शैक्षिक गुणस्तर तथा व्यवस्थापकीय पक्ष कमजोर देखिएको वर्तमान परिवेशमा प्रत्येक विद्यालयको एक शैक्षिक सत्रमा कम्तिमा दुई पटक विद्यालय अनुगमन गर्ने व्यवस्था मिलाइने छ । त्यसका लागि शिक्षा शाखाको लागि यातायातका साधन तथा आवश्यक बजेट विनियोजन गरिने छ।
- विद्यालय स्तरीय जनशक्तिको क्षमता विकासका लागि क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने छ।
- विद्यालय शिक्षामा खेलकुद शारीरिक व्यायाम योग ध्यान आदि कार्यक्रम सञ्चालनामा ल्याइनेछ ।
- पञ्चेश्वर गाउँपालिकाबाट सार्वजनिक सेवामा पहुँच बढाउन दलित महिला अपाङ्ग र सुविधाबाट बन्चित तथा शिक्षा क्षेत्रमा अबल प्रतिभाहरुको लागि लागत साझेदारीमा लोक सेवा शिक्षक तथा सेवा तयारी कक्षा सञ्चालनमा ल्याइनेछ ।
- शैक्षिक क्षेत्रका गतिविधिलाई व्यवस्थित र योजनाबद्द तरिकाले अगाडी बढाउन शैक्षिक क्यालेन्डर निर्माण र कार्यान्वयन गरिने छ।
- सामुदायिक विद्यालयको गुणस्तर अभिबृद्दि गर्न आवश्यक सर्तसहित प्रधानाध्यापकसँग कार्यसम्पादन करार करार सम्झौता गरिने छ तथा प्रधानाध्यापले समेत  शिक्षक कर्मचारीसँग कार्यसम्पादन करार करार सम्झौतागर्ने व्यवस्था मिलाइने छ।
- शैक्षिक गुणस्तर अभिबृद्दिका लागि शिक्षक अध्यापन अनुमति पत्र अनिवार्य हुनुपर्ने प्रचलित कानुनमा भएको व्यस्था पूर्ण रुपमा कार्यान्वयन गर्न सबै प्रकारका शिक्षकका लागि १ बर्ष भित्र अध्यापन अनुमति पत्र अनिवार्य गरिनेछ ।
- विद्यालयमा शिक्षक कर्मचारिको उपस्थिति र नियमितता बढाउन विद्यालमा शैक्षिक शत्र २०७९ मा विद्युतीय हाजिरी (E – Attendane) अनिवार्य रुपमा लागु गरिने छ। त्यसका लागि विद्युतीय हाजिरी (E – Attendane) नभएका विद्यालयका लागि आवश्यक उपकरण खरिद गर्ने व्यवस्था मिलाइने छ।
- प्रत्येक विद्यालयलाई प्रबिधिमैत्री र पूर्ण सरसफाई युक्त विद्यालयमा रुपान्तरण गर्न पहल गरिने छ।
- विद्यालयमा शौचालय, खानेपानी, फर्निचर, खेलमैदान, पुस्तकालय, बृक्षारोपण जस्ता पूर्वाधार विकास गरी स्वच्छ, सफा शैक्षिक वातावरण निर्माण गर्न आवश्यक पहल गरिने छ।
- पञ्चेश्वर गाउँपालिकाको शैक्षिक विकासलाई व्यवस्थित र योजजनाबद्द रुपमा अगाडी बढाउन पञ्चेश्वर गाउँपालिकाको १० बर्षे शिक्षा योजना तथा शैक्षिक पाश्र्वचित्र बनाउन आवश्यक बजेटको व्यवस्था मिलाइनेछ ।
- विद्यालयलाई उपलब्ध गराइने प्रत्येक अनुदानलाई कार्यसम्पादनमा आधारित ]Performance Based Grant] बनाउन आवश्यक पहल गरिने छ।
- गाउँपालिकाबाट प्रदान गरिने छात्रबृति लगायतका सेवा सुविधाहरु लक्षित वर्गले मात्र पाएको सुनिश्चित गरिने छ। विगतमा प्रदान गरिएका सेवा सुविधाको वितरणबाट प्राप्त उपलब्धिको मूल्याङ्कन र समीक्षा गरी पुनरावलोकन र परिमार्जन गरिने छ ।

## **स्वास्थ्य :**

- १० सैय्याको अस्पताल निर्माणका लागि यथाशिघ्र आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।
- अगामी आ.व. मा १ जना MBBS डाक्टर भर्ना गरिनेछ ।

- अगामी आ.व. बाट वडा नं. ०५ र ०६ का लागि छुट्टै एम्बुलेन्सको व्यवस्था गरिनेछ ।
- सुत्केरी, जेष्ठ नागरिक र अति अशक्त अपाङ्गहरुको लागि एम्बुलेन्स भाडामा छुट दिइनेछ ।
- अगामी आ.व.मा अल्ट्रासाउण्ड तथा X-RAY मेसिन खरिद गरी सञ्चालनमा ल्याइनेछ ।
- खोप गुणस्तरीय बनाइ राख्न प्रत्येक स्वास्थ्य चौकीमा डि फ्रिजको व्यवस्थापन गरिनेछ ।
- कोभिड खोपलाई आम नागरिक सम्म पुर्याउनको लागि गाउँघर क्लिनिकमा खोप कार्यक्रम सञ्चालन गरिनेछ ।
- जेष्ठ नागरिक महिला दीर्घरोगीको घरदैलो मै गई स्वास्थ्य सेवा दिन स्वास्थ्य शिविर सञ्चालन गरीनेछ ।
- पोषण कोसेली कार्यक्रमलाई निरन्तता दिइएको छ ।
- प्रजनन उमेरका महिलाहरुलाई १० वर्ष पछि हुने पाठेघरको मुखको क्यान्सर पहिचान तथा रोकथाम गर्न शिविर सञ्चालन गरिनेछ ।
- महिला स्वास्थ्य स्वयं सेवीकाहरुको मासिक भत्तालाई निरन्तरता दिइनेछ ।
- निर्माणाधिन बर्थिङ सेन्टरमा आवश्यक कर्मचारी व्यवस्थापन गरी स्वास्थ्य सेवा उपलब्ध गराइनेछ ।

## आर्युवेद

- दीर्घरोगको उपचारमा सहजता आमावात, सन्धिवत, अनिद्रा तथा डिप्रेशनलाई न्युन गर्न पुर्व कर्म तथा पञ्चकर्म सेवा शुरु गर्ने ।
- मधुमेह, उच्चरक्तचाप, मुटु रोग तथा क्यान्सर जन्य रोगलाई न्युनीकरण गर्न योग शिविर सञ्चालन गरिनेछ ।

## बहुक्षेत्रीय पोषण कार्यक्रम

- पोषण विशेषपोषण संवेदनशील र समर्थ बनाउने वातावरण सम्बन्धि कार्यक्रमहरुको विस्तार गरी महिला किशोरी तथा बालबालिकाको पोषण अवस्थामा सुधार ल्याई मानव पुँजिको विकास गरिने नीति अवलम्बन छ ।
- बहुक्षेत्रीय पोषण योजनाले निद्दष्ट गरेका उपलब्धी तथा प्रतिफल प्राप्तिको लागि विषयगत शाखा र साझेदार निकायहरुसंग मिलेर पोषण लक्षित र सम्बेदनशिल क्रियाकलाहरु सन्चालन गरिनेछ र महिला बालबालिका लक्षित कार्यक्रम जस्तैः बाल पोषण अनुदान, खोप कार्यक्रम, बाल मैत्री स्थानीय शासन आदिमा समेत बहु क्षेत्रीय पोषण योजनालाई समाबेश गर्दै पुर्ण पोषणमैत्रि वडा हुदै गाउँपालिकालाई नै पुर्ण पोषणमैत्री स्थानिय तह घोषणा तर्फ उन्मुख गर्ने निती अबलम्बन छ ।

## खानेपानी, सरसफाईतथा स्वच्छता :

- वास व्यवस्थापन बोर्डलाई प्रभावकारी वनाउदै जलउपयोगका लागि निर्माण गरिएका कानुनहरुको कार्यान्वयन र समयानुकुल परिमार्जन गरी नयाँ कानुनहरुको निर्माण गरिनेछ । खानेपानी तथा सरसफाई स्वच्छता व्यवस्थापन निर्देशिका को कार्यान्वयन गरिनेछ ।
- बिगत पाँच आदेखि ग्रामीण जलश्रोत व्यवस्थापन परियोजनाको सहयोगमा सञ्चालित वास युनिटलाई .ब. को खानेपानी तथा सरसफाई शाखाको रुपमा रुपान्तरण गरि .पा.बिगतमा निर्णय भए अनुसार गा व्यवस्थित गर्ने रपरियोजनाले गरेको अनुकरणीय कामहरुलाई निरन्तरता दिइने छ ।
- नागरिकलाई शुद्ध खानेपानी उपलब्ध गराउने उद्धेश्यले गाउँपालिकामा स्थापना गरिएको पानी परिक्षण प्रयोगशालालाई थप व्यवस्थित गरिनेछ ।

- योजनाहरुलाई भरपर्दो सहकारी संस्थामा आबद्ध हुन प्रेरित गर्दै मर्मत सम्भार कोषलाई सहकारी संस्थामा राख्न सहजीकरण गरिनेछ ।
- खानेपानी क्षेत्रको अनलाइन सुचना प्रणाली व्यवस्थित गर्दै एन वास सर्वेक्षणलाई निरन्तरता दिइनेछ र सो को आधारमा गाको वास योजना तयार गरिनेछ.पा. यस गाउँपालिका भित्र रहेका सम्पूर्ण योजनाहरु वास युनिटमा दर्ता गरिनेछ ।
- खानेपानी तथा सरसफाइ योजना क्षेत्रहरुलाई पुर्ण सरसफाई क्षेत्र घोषणा गरी, मर्यादित महिनाबारी स्वच्छता व्यवस्थापन, विद्यालय ३ तारा स्तरोन्नतिको कार्यलाई प्रभावकारी बनाउन प्राबिधिक दृष्टिकोणले सम्भव भएका योजनाहरुमा एक घर एक धारा प्रणाली लागु गरी स्वस्थ नागरिक उत्पादन गर्दै पुर्ण सरसफाई गाउँपालिका घोषणा गरिनेछ ।

## खेलकुद तथा मनोरञ्जन:

- खेलकुद क्षेत्रको विकास गर्न यस गाउँपालिकामा एक गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन गरी सोही मार्फत सम्पूर्ण खेलकुदको कार्यक्रम सञ्चालन गरिनेछ । उक्त खेलकुद प्रतियोगितामा महिला तथा पुरुषलाई सहभागी गराइनेछ ।
- गत विगतका निर्माणाधिन खेलमैदानहरुलाई पूर्णता दिन आवश्यक बजेटको व्यवस्था मिलाइनेछ ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण:

### महिला तर्फ

- महिला सशक्तीकरणका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ साथै श्रमिक महिलाहरुको कार्यवोझ घटाउन कुटानी पिसानी चक्की अनुदानमा उपलब्ध गराइनेछ ।
- हिंसा पिडीत महिला तथा बालबालिकाहरुलाई खोज तथा उद्धार गरी आवश्यक सहयोग गरिनेछ ।
- मार्यादित महिनावारी स्वच्छता प्रवर्द्धनका लागि सबै वडामा कार्यक्रम सञ्चालन गरिनेछ ।
- यस बर्ष उपाध्यक्षसँग विपन्न महिला कार्यक्रम सञ्चालन गरिनेछ ।

### बालबलिका तर्फ

- बालअधिकार सम्बन्धी राष्ट्रिय नीति तथा अन्तराष्ट्रिय सन्धि सम्झौताहरु कार्यान्वयन एवं पालना गरिनेछन्।
- गाउँपालिका क्षेत्र भित्र बालविवाह न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछन् र सार्वजनिक स्थलहरुमा यस सम्बन्धी होर्डिङ्ग बोर्ड लगाइनेछ ।
- गाउँपालिकाले अभिभावक विहीन बालबालिकाहरुको शिक्षा र स्वास्थ्यको पूर्ण रुपमा ग्यारेन्टी गरिनेछ ।

## दलित तर्फ

- एकाइसौ शताब्दीको सन्देश छूवाछूत माथि पूर्ण बन्देज भन्ने मूल नाराका साथ दलित शशक्तिकरण अभियान सञ्चालन गरिनेछ ।
- दलितका परम्परागत सीप र कलालाई आधुनिकीकरण गरी व्यवसाय सञ्चालनमा ल्याइनेछ ।
- दलित बालबालिकाहरुलाई शिक्षाको हकको सुनिश्चितता गर्न व्यवसायिक, प्राविधिक तथा उच्च शिक्षाका लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ ।
- दलितहरुलाई सुरक्षित अवासको अनुभूति हुने गरी उत्पादन योग्य भूमि र अवासको व्यवस्था मिलाइनेछ ।
- यस गाउँपालिका गठित दलित सञ्जाललाई मानवीय व्यवस्थापकीय रुपमा सक्षम बनाइ दलित उत्थान तथा सामाजिक विकासमा साझेदार बनाइनेछ ।
- प्रत्येक वडामा १/१ दलित बस्तिलाई नमूना उन्मुख बस्ति स्थापना गरिनेछ ।

## युवा तर्फ

- रोजगारीको शिलशिलामा मित्रराष्ट्र भारत तथा अन्य देशहरुमा जाने श्रमिक युवाहरुको दुर्घटना वीमाको व्यवस्था गरिनेछ ।
- चालु आ.व. मा पनि युवा स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिइनेछ । उक्त कार्यक्रम सञ्चालनका लागि छुट्टै कार्यविधि तयार पारी कार्यान्वयनमा ल्याइनेछ ।
- प्रतिभावान युवाहरुको क्षमता विकास गर्न तालिमको व्यवस्था गरिनेछ ।

## फरक क्षमता व्यक्ति (अपाङङ्गता)तर्फ

- गाउँपालिका भित्र रहेका फरक क्षमता भएका व्यक्तिहरुको डाटा संकलन गरी नेपाल सरकारले प्रदान गर्ने सेवा सुविधाबाट बञ्चित ग श्रेणीका अपाङ्ग व्यक्तिहरुलाई भत्ताको व्यवस्था कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- यस गाउँपालिका भित्र बन्ने सम्पूर्ण पूर्वाधारका संरचनाहरु अपाङ्गमैत्री बनाइने छन् ।

## जेष्ठ नागरिक तर्फ

- अगामी आ.व. २०७९/०८० बाट ८५ वर्ष पूरा गरेका जेष्ठ नागरिकहरुलाई सम्मान कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
- यस गाउँपालिका भित्र रहेका एकल पुरुषहरुको डाटा संकलन गरी मासिक भत्ताको व्यवस्था गरिनेछ ।

### ३) पूर्वाधार विकास सम्बन्धी नीतिः

## **स्थानीय सडक तथा पुलः**

- ५ बर्ष भित्र यस गाउँपालिका केन्द्रबाट सबै वडाहरुलाई जोड्ने सडकहरु कालोपत्रे गरिनेछ साथै सबै टोलहरु जोड्ने सडकहरु स्तरोन्नति गरिनेछ ।
- बहु चर्चित पाटन पञ्चेश्वर सडकलाई यस आर्थिक वर्ष भित्र गन्तव्य स्थानमा पुर्याइनेछ ।
- भारतको सीमा क्षेत्र जोड्ने गरी ५ वटा स्थानबाट महाकालीनदी किनारसम्म १ वर्षभित्र सडक विस्तारगरिनेछ।

- गाउँपालिका भित्र रहेका सबै सडकहरु लाई वतावरणमैत्री बनाउन सडकको वरीपरी वृक्षारोपणगरिनेछ । सोका लागि आवश्यक पर्ने फलफूल, बास, निङ्गला आदिका बिरुवाहरु उपलब्ध गराइनेछ।
- पञ्चेश्वर गाउँपालिका क्षेत्र भित्र पर्ने महाकाली करिडोर निर्माणका लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ ।
- पाटन-पञ्चेश्वर सडक खण्डमा रात्रि तथा दिवा बस सेवा सञ्चालनका लागि पञ्चेश्वर सडक खण्डको स्तरोन्नती गरी बस सेवा सञ्चालन को लागि आवश्यक पहल गरिनेछ ।

## सिचाइः

- गाउँपालिका क्षेत्र भित्रको सिंचित जमिनमा सिंचाइका लागि वृहत सिंचाइ योजना सञ्चालनको पहल गरिनेछ ।
- सम्भाव्यता अध्ययन गरी गाउँपालिका क्षेत्रभित्रका सम्भाव्य क्षेत्रहरुमा लिफ्टिङ्ग सिंचाइको व्यवस्थाका लागि पहल गरिनेछ ।
- साना सिंचाइ कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।
- गत विगतका वर्षमा अधुरा रहेको योजनाहरुलाई सम्पन्न गर्न चालु आर्थिक वर्षमा बजेटको व्यवस्था गरिनेछ ।

## भवन तथा सहरी विकासः

- यस गाउँपालिका भित्र  निर्माणाधीन सम्पूर्ण भवनहरु ३ वर्षभित्र पुरा गर्न आवश्यक बजेटको व्यवस्था मिलाइनेछ ।
- यस गाउँपालिकामा सञ्चालित जनता अवास कार्यक्रम लागु नभएका वडाहरुमा सञ्चालन गर्न सम्बन्धित निकायमा पहल गरिनेछ ।
- यस गाउँपालिकामा वडा कार्यालय भवन निर्माण हुन बाकी रहेका २ वटा वडाहरुमा यसै वर्ष भवन निर्माण गर्न पहल गरिनेछ ।

## उर्जा लघु तथा साना जलविद्युतः

- आगामी १ वर्ष भित्र यस गाउँपालिकाका सबै वडाहरुमा विद्युतको राष्ट्रिय प्रसारण लाइन जोडिनेछ ।
- गाउँपालिकाभित्रका सबै मुख्य बजार क्षेत्रहरुमा सौर्य सडक बत्तीहरु यसै वर्ष जडान गरिनेछन्।
- अगामी २ बर्षभित्र सोलार प्लान्ट निर्माण गरीनेछ ।

## सञ्चारः

- अगामी १वर्ष भित्र यस गाउँपालिका अन्तर्गत रहेका सबै वडाहरुमा 4G नेटवर्कको उपलब्धताको लागि पहल गरिनेछ ।
- अगामी १वर्ष भित्र यस पञ्चेश्वर गाउँपालिका अन्तर्गतका सबै संस्थाहरुमा द्रुत गतिको इन्टरनेट उपलब्ध गराइनेछ ।

## प्रधानमन्त्री रोजगार कार्यक्रम

- गाउँपालिकामा रहेको रोजगार सेवा केन्द्रले गाउँपालिका क्षेत्रभित्रका बेरोजगार व्यक्तिको लगत संकलन गरी सूचीकृत भएका बेरोजगार व्यक्तिहरूलाई एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारी सुनिश्चित गर्ने ।
- गाउँपालिका क्षेत्रभित्र हुने व्यावसायिक कृषि, सिंचाई, खानेपानी, वन, पर्यटन, यातायात पूर्वाधार लगायतका सार्वजनिक विकास निर्माणका कार्य, सहकारी, निजि तथा गैर सरकारी संघ संस्था, व्यक्ति तथा समुदायका लागि आवश्यक श्रमशक्ति उपलब्ध गराउने माध्यमको रुपमा कार्य गर्ने नीति लिइनेछ ।
- युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना र पारिश्रमिकमा आधारित सामुदायिक आयोजनालाइ सशक्त रुपमा कार्यान्वयन गरिनेछ ।
- श्रमको सम्मान गर्ने परीपाटीको विकास गरी गरिबी न्यूनीकरण तथा रोजगारीका अवसरमा वृध्दि गर्नका लागि गाउँपालिका स्तरीय साना तथा ठुला आयोजनाहरुमा सूचिकृत बेरोजगारहरुलाई प्राथमिकता दिइनेछ ।
- आन्तरिक रोजगारी सिर्जना गर्न रोजगार प्रदायक संघसंस्था/सरोकारवाला निकायहरुसंग समन्वय र सहकार्य गरी कार्य संचालन गरिनेछ ।
- गाउँपालिकाको लागत साझेदारीमा योजनाहरु सञ्चालन गर्ने तथा पालिका स्तरीय योजना ;अनुगमन समिति र वडा स्तरीय अनुगमन समितिद्वारा यस कार्यक्रमलाई व्यवस्थित बनाइने छ।
- सुचिकृत बेरोजगार व्यक्तिलाई सिपमुलक तालिममा सहभागी गराउने ।

## ४) वतावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीतिः

### वनः

- सामुदायिक बनहरुलाई गाउँपालिकामा दर्ता गर्न लगाई व्यवस्थित गरिनेछ ।
- चालु आर्थिक वर्षमा यस गाउँपालिकामा वैज्ञानिक वनको नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिका भित्र रहेको खाली भू-भाग हरुमा वृक्षारोपण गरिनेछ ।
- गाउँपालिका भित्रका वन उपभोक्ता समितिहरुलाई सक्रिय बनाइ वन जोगाइनेछ । वन उपभोक्ता समितिका पदाधिकारीहरुलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
- सामुदायिक वनहरुलाई चालू आर्थिक वर्ष देखि अनिवार्य रुपमा अद्यावधिक गरिनेछ ।
- एक वडा एक नर्सरी स्थापना गरिनेछ ।
- वन सम्बन्धी विभिन्न सचेतनामूलक कार्यक्रम गरिनेछ ।
- वन फँडानी न्यूनीकरण गर्नका लागि गोबर ग्यास, वायु ग्यास र वैकल्पिक ऊर्जामा जोड दिइनेछ ।

### जलाधार संरक्षणः

- यस गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण जलाधारहरुको संरक्षण गर्नका लागि नीति अवलम्बन गरिनेछ । सोका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
- गाउँपालिकामा रहेका पानीका मुहानहरु संरक्षण गर्न वृक्षरोपणका कार्यक्रमहरु अगाडि बढाइनेछ ।

**वतावरण संरक्षण जलवायु परिवर्तनः**

- गाउँपालिकालाई स्वच्छ सफा एवं वतावरणमैत्री बनाउन नीति अवलम्बन गरिनेछ ।

**विपद व्यवस्थापनः**

- भविष्यमा आइपर्ने विपदहरु व्यवस्थापनका लागि विपद व्यवस्थापन कोषलाई सुदृढ गरिनेछ ।
- विपदबाट हुने क्षति न्यूनीकरणका लागि पूर्व तयारी सम्बन्धी नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिकाभित्र विपद जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीको पहिचान गरी स्थानान्तरणका लागि आवश्यक प्रक्रियाको थालनी गरिनेछ ।

**❖ भू- उपयोगः**

- पञ्चेश्वर गाउँपालिकालाई खाद्यान्नमा आत्मनिर्भर बनाई आयात प्रतिस्थापन गर्ने र कृषिमा आधारित उद्यमशीलता बिकास मार्फत रोजगारी सिर्जना गर्ने लक्ष्यका साथ उत्पादन बृद्धिमा जोड दिईनेछ ।
- उत्पादन र उत्पादकत्व बृद्धिका लागि यस गाउँपालिकाको भूमिको नक्सांकन र वर्गीकरण गरि भूउपयोग योजना बनाईनेछ । सामुदायको सहभागितामा भूमि ब्यवस्थापन तथा उपयोग गर्न सामुदायिक भूमि ब्यवस्थापन अभ्यास कार्यान्वयन गरिनेछ ।
- यस गाउँपालिकामा रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अब्यवस्थित बसावासीको ब्यवस्थापन कार्यलाई आर्थिक वर्ष २०७९/८० भित्र सम्पन्न गर्ने गरि लगत संकलन, प्रबिष्टीकरण, जग्गा नापजाँच कार्यलाई प्रभावकारी बनाईनेछ ।
- भूमि ब्यवस्थापन मार्फत कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न, रोजगारी सिर्जना गर्न, भौतिक पूर्वाधार निर्र्माण प्रक्रियामा सहजता ल्याउन र छुट हलिया, प्राकृतिक प्रकोप पिडितहरुको पुर्नस्थापना कार्यमा समन्वयकारी भूमिका निर्वाह गर्ने गरि स्थानीय भूमि ब्यवस्थापन ईकाईलाई ब्यवस्थित गरिनेछ ।
- भूमिमा महिला अधिकार स्थापना गर्दै महिला हिंसा न्युनिकरण र आत्मनिर्भर समाज निर्माण प्रक्रियामा सहयोग पुग्ने गरि संयुक्त जग्गाधनी प्रमाण पूर्जा बनाउने नीति कार्यान्वयन गरिनेछ ।
- यस गाउँपालिकाको आफ्नै अर्थतन्त्र निर्माण आन्तरिक पूँजि परिचालनमा सहयोग पुग्ने गरि बिगतमा भएका सामुदायिक संस्था, समूह, सहकारीलाई पुर्नगठन, ब्यवस्थापन गर्न सहयोग गरिनेछ । यसका लागि आवश्यक नीति, योजना बनाई कार्यान्वयन गरिनेछ ।

## ५) संस्थागत विकास,सेवा प्रवाह र सुशासनः

**संस्थागत विकासर सुशासनः**

- "हामीले तिरेको कर, पालिका विकासको आधार" भन्ने आदर्शलाई गाउँपालिका बासीको चाहना अनुरुप अगाडि बढाउने नीति अवलम्बन गरिनेछ सोका लागि छुट्टै राजश्व शाखा स्थापना गरिनेछ ।
- गाउँपालिकाको आन्तरिक राजश्व बृद्धि गर्न करका सम्भाव्य क्षेत्रहरु पहिचान गरी कार्यविधि बनाइ कार्यान्वयन गरिनेछ ।
- भ्रष्टाचार र अनियमित कार्यलाई कडाइका साथ नियन्त्रण गर्दै पारदर्शी र जवाफदेही प्रणालीलाई सुदृढ तुल्याइने छ ।
- अगामी बर्ष देखि जनता सँग जनप्रतिनिधि कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
- कर्मचारीहरुसँग बार्षिक करार सम्झौता गरी सोही अनुसार करार थप गरिनेछ ।
- अगामी बर्ष देखि यस कार्यालयबाट मुस्कान सहितको सेवा प्रदान गरिनेछ ।
- अगामी बर्ष देखि कर्मचारी दरबन्दी पूर्ण गरिनेछ ।
- अगामी बर्ष देखि यस कार्यालय र अन्तर्गतका वडाहरुमा विद्युतीय हाजिरी जडान गरिनेछ ।
- अगामी बर्ष देखि नियमानुसार सार्वजनिक परीक्षण गरिनेछ ।
- नतिजामुखी अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।
- खरिद प्रक्रियामा पारदर्शीता गर्न १० लाख माथिका सम्पूर्ण योजनाहरु टेण्डर मार्फत सञ्चालन गरिनेछ ।

## सूचना प्रविधिः

- गाउँपालिकाको वेबसाइटलाई अध्यावधिक राखी महत्वपुर्ण निर्णय जानकारी र सूचनालाई वेबसाइटमा राख्ने कार्यलाई प्रभावकारी बनाइनेछ ।
- गाउँपालिका र वडा कार्यालयबाट सम्पादन गर्ने कार्यलाइ छिटो छरितो कम कागज (Less Paper) विधि अपनाउँदै विद्युतीय प्रणालीको उपयोग बढवा दिने र सम्पूर्ण वडा कार्यालयमा इन्टरनेट सेवाको पहुँच विस्तार गरिनेछ ।
- गाउँपालिकाबाट प्रदान गरिने सबै प्रकारका सेवा सुविधालाई क्रमशः सफ्टवेयर प्रणाली तथा विद्युतीय माध्यमबाट संचालन गर्दै लगिनेछ ।
- गाउँपालिकाका सम्पुर्ण सूचनाहरु प्रवाह पारदर्शिता गर्ने गरि Digital Notice Board जडान गरिनेछ ।
- गाउँपालिका बाट प्रवाह हुने सेवालाई व्यवस्थित र सुलब बनाउन छिटो र छरितो कार्यका लागि Queue Management System पालो व्यवस्थापन प्रणाली लागु गरिने छ ।

## पञ्जिकरण व्यवस्थापनः

- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता कार्यक्रम पुर्णरुपले online system मा संचालन भइसकेको हुनाले यस कार्यक्रमलाई थप सहज सरल र व्यवस्थित गर्न प्रत्येक वडा कार्यालयहरुमा , ताजगी ताल:द्रुतगतीको इन्टरनेट सेवा जडान गरी पञ्जिकाधिकारीलाई कार्यक्रम सम्बन्धी पुनिमको व्यवस्था गरिनेछ |
- व्यक्तिगत घटना दर्ता प्रणालीलाई थप प्रभावकारी बनाउन सरोकारवालाहरुलाई क्षमताविकास सम्बन्धी अभिमुखिकरण कार्यक्रम तथा जनचेतनामुलक कार्यक्रमहरू सञ्चालन गरिनेछ |
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम बैंकमार्फत वितरण गर्न शुरू भइसकेकोले उक्त कार्यक्रमलाई थप पारदर्शी तथा सहज बनाउन लाभग्राहीहरूको समस्या गुनासो र चुनौतीहरूलाई , सम्बोधन गर्न सहजिकरणका लागि बजेटको ब्यवस्था गरिनेछ |
- पञ्जीकरण सेवा इकाई मा कार्यरत कर्मचारी एमअपरेटर तथा फिल्ड सहायक को प्रतिवद्धता .एस्.आइ. | बमोजिम ६ महिनाको तलब भत्ता ब्यवस्था गरिनेछ

## अनुसन्धान तथा विकासः

- ❖ यस आर्थिक वर्षमा विभिन्न क्षेत्रमा सकारात्मक सोच सम्बन्धी अभिमुखीकरण कार्यक्रमहरु यस वर्ष देखिसञ्चालन गरिनेछ ।
- ❖ गाँउपालिका क्षेत्र भित्र रहेको रुढीवादी परम्परालाई हटाउन धामी-झाँक्रीहरुसँग अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ कर्मचारीको वृत्ति विकासका लागि विभिन्न तालिम, गोष्ठीतथा सेमिनारहरुको आयोजना गरिनेछ ।
- ❖ कार्यालय कामकाजलाई थप प्रभावकारी बनाउन कर्मचारीहरुलाई थप सेवासुविधाको व्यवस्था गरिनेछ।

## न्यायिक समितिः

- ❖ चालु आर्थिक वर्षमा न्यायिक समितिको कार्य कक्ष स्थापना गरिनेछ ।
- ❖ न्यायिक समितिको क्षमता अभिवृत्ति गर्न तालिम तथा गोष्ठी सञ्चालन गरिनेछ ।
- ❖ अन्ययमा परेका व्यक्तिहरुलाई न्ययको अनुभूति दिलाउन न्यायिक समिति पीडितसँग कार्यक्रम सञ्चालन गरिनेछ ।

**आदरणिय यस एघारौँ गाउँ सभाका अध्यक्ष ज्यू, लगायत सम्पूर्ण सदस्य ज्यूहरु**

अब म आर्थिक वर्ष २०७९।०८० को बजेट को बिश्लेषणात्मक विवरण प्रस्तुत गर्न चाहन्छु ।

| क्र. | वजेट शिर्षक विवरण | श्रोत | अनुमानित रकम |
|---|---|---|---|
| १ | वित्तीय समानीकरण अनुदान | नेपाल सरकार | रु.९,२२,००,०००।- |
| २ | राजश्व वाडफाड | नेपाल सरकार | रु.८,४२,१५,०००।- |
| ३ | समपुरक अनुदान | नेपाल सरकार | रु. १,५०,००,०००।- |
| ४ | सशर्त अनुदान | नेपाल सरकार | रु. १८,१२,००,०००।- |
| ६ | विशेष अनुदान | नेपाल सरकार | रु. २,००,००,०००।- |
| ७ | वित्तीय समानीकरण अनुदान | प्रदेश सरकार | रु. ६२,२०,०००।- |
| ८ | राजश्व बाँडफाँड | प्रदेश सरकार | रु. १२,२४,०००।- |

| | | | |
|---|---|---|---|
| ९ | विशेष अनुदान | प्रदेश सरकार | रु. ८३,५७,०००।- |
| १० | समपुरक अनुदान | प्रदेश सरकार | रु. २४,००,०००।- |
| ११ | आन्तरिक राजश्व | पञ्चेश्वर गाउँपालिका | रु. ५०,००,०००।- |
| १२ | गत वर्षको अ.ल्या. | पञ्चेश्वर गाउँपालिका | रु.२०,००,०००।- |
| | **जम्मा** | | **रु. ४१,७८,१६,०००।–** |

बजेट आफै तथ्यमा आधारित अनुमान हो । यसको लक्ष्य प्राप्तिका लागि हाम्रो एक्लै प्रयासले सम्भव छैन । तसर्थ गाउँसभाका सम्पुर्ण सदस्य ज्यूहरु, कर्मचारी साथीहरु, राजनैतिक दल,संघ, संस्था, विकास साझेदार र आम जनसमुदायहरुको प्रयास बाट मात्र सम्भव छ। समग्र पञ्चेश्वरको विकासबाट समृद्धि प्राप्तिको लक्ष्यलाई ठोस रुपमा अगाडि बढाउँदै तर्जुमा भएका योजनाहरुलाई प्रभावकारी र वैज्ञानिक रुपमा कार्यान्वयन गर्न सबै तिरबाट सहयोग हुनेछ भन्नेमा पूर्ण विश्वस्त छु ।

प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुर्याउनु हुने सम्पूर्ण कार्यपालिकाका सदस्य ज्युहरु, राजनैतिक दलका प्रतिनिधिहरु, आम जनसमुदाय, दाजु-भाइ तथा दिदी-बहिनीहरु र राष्ट्रसेवक कर्मचारी मित्रहरुलाई धन्यवाद दिन चाहन्छु । पञ्चेश्वरको विकास प्रकृयामा सहयोग उपलब्ध गराउने नेपाल सरकार,सुदूरपश्चिम प्रदेश सरकार,दातृ निकाय, सं- संस्था तथा निजी क्षेत्र प्रति म पञ्चेश्वर गाउँपालिकाको तर्फबाट हार्दिक आभार प्रकट गर्दै, आगामी दिनहरुमा पनि निरन्तर रुपमा अटुट सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद ।

बिना भट्ट
उपाध्यक्ष
पञ्चेश्वर गाउँपालिका